# बहिरोपन

केही बच्चाहरू पूरै बहिरा हुन्छन् । तिनीहरू पटक्कै सुन्दैनन् । कराएरै बोलाउँदा पनि बच्चाले आवाजतिर मुन्टा नफर्काउने भएकाले आफ्ना बच्चाले कान सुन्दैन भनेर बाबुआमाहरूले अक्सर चाँडै नै थाहा पाउँछन् ।




पूरै बहिरो बच्चाले एकदम ठूलो आवाज आए पनि कुनै प्रतिक्रिया जनाउँदैन ।




कुनै बच्चा पूरै बहिरो छैन भने उसले केही आवाजहरू सुन्नसक्छ तर केको आवाज भनेर अक्सर छुट्याउन सक्दैन ।

धेरैजसो बच्चाहरू चाहिँ केही हदसम्म मात्र बहिरा हुन्छन् । यस्ता बच्चाहरूले सानो आवाज आएको छ भने कुनै प्रतिक्रिया जनाउँदैनन्, ठूलो आवाज आए मात्र आवाज आएतिर आफ्नो टाउको फर्काउँछन् ।

कान कम सुन्ने समस्या भएका बच्चाहरू अक्सर ढिलो बोल्न सुरु गर्छन् । उनीहरूको बोली अक्सर अस्पष्ट र नाके स्वरको हुन्छ ।

कहिलेकाहीँ बाबुआमा र अरू मानिसहरूले बच्चाले राम्रोसँग कान सुन्न सक्दैन भनेर थाहा नपाउन सक्छन् । बच्चाले कान नसुन्नाले भएका समस्याहरूलाई मन्द बुद्धिको कारणले हुन गएको भन्ठानेर त्यसै चूप लागेर बस्न सक्छन् । यसले गर्दा बच्चाको समस्या झन्झन् बढ्दै जान सक्छ ।

श्रवण (सुन्ने) शक्ति ठिक भएका बच्चाहरूले अक्सर बोलेर आफ्ना कुरा प्रष्ट पार्छन् तर श्रवण शक्ति कम भएका बच्चाहरूले अरूले बोलेको स्पष्टसँग सुन्न सक्दैनन्, जसले गर्दा उनीहरूको बोलीको विकास हुन निकै गाऱ्हो हुन्छ । उनीहरू आफूलाई लागेका कुरा अरूलाई राम्ररी भन्न सक्दैनन् र अरूले भनेको कुरा राम्ररी बुझ्न सक्दैनन् । यसले गर्दा उनीहरू दुःखी र निराश हुनसक्छन् र एक्लोपनको अनुभव गर्नसक्छन् । कहिलेकाहीँ त उनीहरूको चालचलन र व्यवहारमा पनि समस्या आउनसक्छ ।

> विभिन्न माध्यमद्वारा अरूले भनेका कुरा बुझ्ने र आफ्ना विचार, चाहना तथा अनुभवहरू अरूलाई बताउने कामलाई सञ्चार भनिन्छ । कान सुन्ने मानिसहरू प्रायः बोलेर आफ्ना कुरा बताउँछन् ।

धेरैजसो बहिरा व्यक्तिहरू सामान्य व्यक्तिहरू जस्तै बुद्धिमान हुन्छन् । तर उनीहरूको मानसिक विकास सामान्य रूपमा हुन पाओस् भनेर सानै उमेरदेखि उनीहरूलाई सञ्चारका विभिन्न माध्यमहरूद्वारा विचार र जानकारीहरूको आदानप्रदान गर्न सिकाउनुपर्छ ।

## बहिरोपनका कारणहरू

**बच्चा जन्मनुभन्दा अघिका कारणहरू :**

- कुनैकुनै परिवारमा बहिरोपन वंशाणुगत समस्याका रूपमा देखापर्छ । प्रायः बच्चामा अरू कुनै समस्या हुँदैन ।
- गर्भवती महिलालाई जर्मन दादुरा हुनाले पनि बहिरोपन हुनसक्छ । जर्मन दादुराका कारण अक्सर बच्चाको मस्तिष्कमा पनि हानी पुगेको हुन्छ ।
- पेटमा रहेको बच्चा र आमाको रगतमा भिन्नता (आर.एच. इन्कम्प्याटिबिलिटी) हुनाले पनि बहिरोपन हुनसक्छ । यस कारणले गर्दा बच्चामा अक्सर अरू समस्याहरू पनि भएका हुन्छन् ।
- पूरा महिना नपुगीकनै बच्चा जन्मिनाले पनि बहिरोपन हुनसक्छ ।

स्रोत : दि हेसपेरियन फाउण्डेशन, क्यालिफोर्निया, अमेरिका


Federal Ministry for Economic Cooperation and Development BMZ

DAHW Deutsche Lepra- und Tuberkulosehilfe e.V.

KOPILA-Nepal 2057



बुलौंदी, लेकसाइड, पोखरा-६, फोन : ०६१-४५६४०३, ४५३४८६

E-mail : kopila2057@ntc.net.np, Website : www.kopilanepal.org.np

**टोल फ्री नम्बर: १६६० ६१ ५२००५**

# बहिरोपनको रोकथाम

- सकेसम्म कानका सङ्क्रमणहरू हुन नदिनुहोस् । बच्चालाई रूघा लागेको बेलामा जोरसित नाक सीं गर्न नदिनुहोस् । उसलाई सलाइको काँटी, कपाल च्याप्ने काँटा आदिले बेस्सरी कान कोट्याउन नदिनुहोस् । केही गरी कानको सङ्क्रमण भइहाल्यो भने त्यसको तुरून्त उपचार गर्नुहोस् । सङ्क्रमण भएको कानमा तेल नहाल्नुहोस् र कपास पनि नहाल्नुहोस् (पीप आएको छ भने त्यसलाई बाहिर बग्न दिनुपर्छ) ।
- गर्भावस्थामा बच्चालाई हानि पुर्‍याउन सक्ने कुनै पनि औषधि नखानुहोस् । कुनै कारणले स्वास्थ्य कार्यकर्ता अथवा डाक्टरलाई जँचाउन परेमा उनीहरूलाई आफू गर्भवती भएको कुरा भन्न नबिर्सनुहोस् ।
- सम्भव भए महिलाहरूलाई गर्भवती हुनुभन्दा पहिले जर्मन दादुरा विरूद्ध खोप लगाउनुहोस् (तर यो खोप गर्भावस्थामा कुनै हालतमा पनि लगाउनुहुँदैन) । गर्भवती महिलाले जर्मन दादुरा आएको मानिसको नजिकै जानुहुँदैन ।
- गर्भवती भएको बेलामा समय समयमा स्वास्थ्य परीक्षण गराउनुहोस् ।
- गर्भावस्थामा पौष्टिक आहार खानुहोस् । आयोडिन युक्त नून खानुहोस् । भिटामिन र खनिज पदार्थहरू पुग्ने मात्रामा खानुहोस् ।
- बच्चामा क्रेटिनिजम भएको छ कि भनेर जाँच गर्नुहोस् र यदि भएको रहेछ भने यसको तुरून्त उपचार गर्नुहोस् ।




- बच्चालाई दादुराविरूद्ध र सम्भव भए हाँडेविरूद्ध पनि खोप लगाउनुहोस् ।
- बच्चाको मस्तिष्कमा हानि नपुगोस् भनेर विशेष सावधानी अपनाउनुहोस् ।
- एक्कासि ज्यादै ठूलो आवाज आउने ठाउँ नजिक नजानुहोस् । यदि नजिकै परिएमा आवाज आउन लाग्दा तुरून्त दुवै कानमा बन्द गरिहाल्नुहोस् ।

## बहिरो बच्चाको परिवारका लागि दुई शब्द

बहिरो बच्चालाई सामान्य केटाकेटीहरूलाई जस्तै व्यवहार गर्नुहोस् । उसलाई अरू बच्चाहरूलाई जस्तै पढ्ने, लेख्ने र स्कुल जाने मौका दिनुहोस् । ठूलो भएपछि उसलाई विभिन्न क्रियाकलापहरूमा भाग लिने र कामकाज गर्ने मौका दिनुहोस् । कतिपय बहिरा मानिसहरूले लेखापाल, शिक्षक, वकिल, किसान, स्वास्थ्य कार्यकर्ता, डाक्टर, कारिन्दा, कारिगर आदि भएर काम गरेका छन् ।

बहिरा मानिसहरूले विवाह गर्नसक्छन् र छोराछोरी पाउन सक्छन् । अक्सर बहिरा व्यक्तिहरूले कुनै बहिरो व्यक्तिसँग विवाह गर्न रूचाउँछन् किनभने उनीहरूले एकअर्काको कुरा राम्रोसँग बुझ्नसक्छन् । बहिरा बाबुआमाका छोराछोरीहरू प्रायः कान सुन्न सक्ने हुन्छन् ।

Federal Ministry for Economic Cooperation and Development BMZ
DAHW Deutsche Lepra- und Tuberkulosehilfe e.V.
KOPILA-Nepal 2057

बुलौंदी, लेकसाइड, पोखरा–६, फोन : ०६१–४५६४०३, ४५३४८६
E-mail : kopila2057@ntc.net.np, Website : www.kopilanepal.org.np
टोल फ्री नम्बर: १६६० ६१ ५२००५

स्रोत : दि हेसपेरियन फाउण्डेशन, क्यालिफोर्निया, अमेरिका